राष्ट्रिय स्वतन्त्र पार्टी

# प्रतिबद्धता पत्र
# (घोषणापत्र)

# गणेश कार्की

## मोरङ-३ प्रतिनिधि सभा सदस्यको उम्मेदवार

नेपालको संविधान र प्रचलित कानूनले एक संघीय सांसदलाई प्रदान गरेको अधिकार र जिम्मेवारीको पूर्ण पालना गर्दै, मोरङ क्षेत्र नम्बर ३ को दिगो विकास र नीतिगत सुधारका लागि म गणेश कार्की रास्वपा (घण्टी चिन्ह) बाट प्रत्यक्षतर्फको उम्मेदवार, वर्ष ४० तल उल्लेखित बुँदाहरूमा आफ्नो ध्यान केन्द्रित गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

# १. संसदीय भूमिका

- सुकुम्वासी, अव्यवस्थित बसोवासी र भोगचलन गर्नेको हक सुरक्षित गर्ने गरी जग्गामाथिको दोहोरो स्वामित्व अन्त्य गर्न भूमिसम्बन्धी ऐनलाई व्यवहारिक रुपमा नै समाधानमुखी बनाउन संसद्मा नेतृत्वदायी भूमिका खेल्नेछु ।

- रसायनिक मलको अभाव अन्त्य गर्न नियमित टेन्डर प्रक्रिया वा निजी-सरकारी लगानीमा उद्योग खोल्ने, मल प्रयोगको मात्राका बारेमा कृषकलाई तालिम उपलब्ध गराउने, मल र विषादी प्रयोगबारे जानकारीको अभावमा कृषकमा बढ्दै गएको क्यान्सर लगायतका स्वास्थ्य समस्या रोकथाम गर्ने, सिँचाइको सुविधा बढाउने र किसानको उत्पादनमा नाफाको ग्यारेन्टी गर्ने गरी न्यूनतम समर्थन मूल्य तोक्ने कानून निर्माण र कार्यान्वयनमा जोड दिनेछु ।

- सरकारी विद्यालय, कलेज तथा विश्वविद्यालयको गुणस्तर सुधार, शिक्षकहरूको समयसापेक्ष तालिम र वृत्तिविकास सुनिश्चित गर्ने, पाठ्यपुस्तक तथा अध्ययनका समयानुकूल नयाँ विषयहरु थालनी गर्न सहज हुने गरी शिक्षा ऐन निर्माण गर्न सक्रिय भूमिका खेल्नेछु ।

- स्वास्थ्य बीमाको चुहावट र दुरुपयोग रोकिने गरी कानूनी साधनको विकास गरी आमनागरिकलाई थप सहुलियत प्रदान गर्ने र निजी मेडिकल व्यवसायीहरुलाई लगानीको नयाँ क्षेत्र खोली अहिले भएका अस्पताल, शिक्षण अस्पताल गैरनाफामुलक बनाउँदै अन्ततः गुणस्तरीय स्वास्थ्य सबैका लागि निःशुल्क हुने दिशाउन्मुख नीति बनाउन दबाब दिनेछु ।

- स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्योगहरुलाई कर छुट र सहुलियत दिने नीतिगत व्यवस्था मिलाउन दबाब दिनेछु । उद्योग तथा व्यवसाय शुरु गर्न, देशभित्रै उत्पादित कच्चा पदार्थ प्राप्त गर्न तथा बजारीकरणमा हुने चरणबद्ध अफठ्याराहरु कम गर्न नीतिगत पहल गर्नेछु ।

- कर दोहोरिने, राज्यको अस्थिर नीति तथा राज्यका निकायहरुबीच समन्वयनको अभावमा हुने झन्झटले नागरिक आक्रान्त हुने अवस्था परिवर्तन गर्न दीर्घकालीन नीति बनाउन हस्तक्षेपकारी भूमिका खेल्नेछु ।

- शिक्षा, स्वास्थ्य, कर्मचारीतन्त्र, गैर-राजनीतिक सामाजिक तथा व्यवसायिक संघसंस्थालाई राजनीतिक दलमुक्त बनाउने तथा पेशागतहित रक्षा हुने, अनुमानयोग्य सरुवाबढुवा हुने, जोखिम र श्रम अनुसार बढी सुविधा हुनुपर्ने नीति निर्माण गर्न दबाब दिनेछु ।

- नेपालमै बसेर अनलाइन काम गर्नेहरुले पनि अन्य देशमा तिर्नु पर्ने कर नलाग्ने बनाउन दोहोरो कर सम्झौता नभएका देशहरुसँग कर सम्झौता गर्न नीतिगत पहल गर्नेछु ।

राष्ट्रिय स्वतन्त्र पार्टी

# गणेश कार्की

मोरङ-३ प्रतिनिधि सभा सदस्यको उम्मेदवार

## २. सरकारको निगरानी

- जेनजी आन्दोलनका दोषीहरूलाई कानूनी कारबाही गर्न, घाइतेहरूको उपचार र जीवनभरण, शहीदहरूको सम्मान र शहीद परिवारलाई क्षतिपूर्तिको उचित व्यवस्था गर्न, आन्दोलनको मागलाई आत्मसात गर्दै नीति-निर्माणका लागि पहलकदमी लिनेछु ।

- भ्रष्टाचार, राजनीतिक नियुक्ति, दलीय प्रभावविरुद्ध शून्य सहनशील हुँदै राज्यका निकायहरू (अख्तियार, सतर्कता केन्द्र आदि) लाई शक्तिशाली बनाउन र भ्रष्टाचारजन्य फाइलहरू खोल्न संसद्मा निरन्तर दबाब दिनेछु ।

- कार्यपालिका (सरकार) ले गर्ने कामकारबाहीको निरन्तर निगरानी गर्दै सरकारलाई जनउत्तरदायी बनाउन भूमिका निर्वाह गर्नेछु ।

- राज्यका स्रोत र साधनको बाँडफाँडमा मोरङ क्षेत्र नम्बर ३ को उचित हिस्सा सुनिश्चित गर्न र योजनाहरू पहुँच, प्रभाव र भनसुनबाट नभई जनहितको प्राथमिकतामा आधारित बनाउन सरकारलाई दबाब दिनेछु ।

## ३. क्षेत्रगत प्रतिनिधित्व

- मोरङ क्षेत्र नम्बर ३ का स्थानीय समस्या (सुकुम्बासी, दोहोरो स्वामित्व, अव्यवस्थित बसोबास, सरकारी विद्यालय र विश्वविद्यालयको अवस्था, सरकारी स्वास्थ्य चौकी र अस्पतालको अवस्था, रोजगारी र उद्यमशीलताको अभावमा विदेशिनु पर्ने बाध्यता, नदी कटान, तटबन्धन र सिँचाइका समस्या, वन्यजन्तु र मानव द्वन्द्व, सिमसार र वनपैदावारको प्रयोगविहीनता, सडक र विकाश, अधकल्चो पारिएका विकाश संरचना आदि), स्थानीयका आवश्यकता र नागरिकका आवाजहरूलाई संघीय संसद्को रोष्ट्रममा प्रभावकारी रूपमा प्रस्तुत गर्नेछु ।

- मोरङ ३ मा सञ्चालित विकास आयोजनाहरूको गुणस्तर र समयसीमाको "संसदीय अनुगमन" गरी ढिलासुस्ती हुन नदिन समन्वयनकारी भूमिका खेल्नेछु ।

- जंगली हाती लगायतका वन्यजन्तु र मानव द्वन्द्व कम गर्न वन्यजन्तुलाई जंगलमा नै रोक्ने गरी जैविक, प्राविधिक उपायहरू अपनाउने तथा वन्यजन्तु र मानव द्वन्द्व हुने अवस्थामा क्षति कम गर्न सचेतना फैलाउने, पीडितलाई उचित क्षतिपूर्ति दिनु पर्ने बाध्यकारी नीति बनाउन दबाब दिनेछु ।

- यहाँका नदीहरूको अनियन्त्रित उत्खनन्, वन विनाश तथा नदीबाट हुने कटान रोक्ने, वन र नदीलगायतका प्राकृतिक सम्पदामाथि स्थानीयको अधिकार सुनिश्चित गर्ने नीति बनाउन दबाब दिनेछु ।

राष्ट्रिय स्वतन्त्र पार्टी

# गणेश कार्की

मोरङ-३ प्रतिनिधि सभा सदस्यको उम्मेदवार

- यस क्षेत्रमा रहेको धार्मिक वनको महत्व उजागर गर्ने, अहिले स्थापना भइसकेका राजवंशी, धिमाल, लिम्बु, राई, थापा, बस्नेतलगायतका ६१ जातजातिका धार्मिक-सांस्कृतिक केन्द्रहरूको सबलीकरण गर्ने तथा यो क्षेत्रमा बाँकी रहेका अन्य जातजातिको पनि धार्मिक-सांस्कृतिक केन्द्र स्थापना गरी नेपालका मौलिक र सनातन धार्मिक-सांस्कृतिक मुर्त र अमुर्त सम्पदाको संरक्षण, विकास र सदुपयोग गर्न पहल गर्नेछु ।

- स्थानीय पालिकाहरूसँगको समन्वयनमा फोहोर व्यवस्थापन गर्न नवीनतम प्रविधि, बजेट लगायतका स्रोतसाधन खोजी गर्नेछु ।

- यहाँका नागरिकका लागि रोजगारीका कार्यक्रम, ग्रासरूट खेलकुद, कलासंस्कृति, साहित्य अभिवृद्धि तथा सम्पदा संरक्षण र उद्यमशीलता विकासलाई प्राथमिकतामा राख्न पहल गर्नेछु ।

## ४. जवाफदेही सांसदको अभ्यास 🔔🔔🔔🔔

- संसद र संसदीय समितिमा अध्ययनशील, तर्क र तथ्यांकसंगत, सक्रिय र हस्तक्षेपकारी उपस्थिति जनाउनेछु ।

- संसदमा गरेका गतिविधि र भूमिकाबारे मतदातालाई  नियमित जानकारी गराउनेछु ।

- सांसद भएर वडाध्यक्ष, मेयर/अध्यक्ष, मन्त्रीको क्षेत्राधिकारमा पर्ने काम गर्छु भनेर भ्रम फैलाउने छैन ।

- सार्वजनिक सुनुवाइ गर्नेछु ।

आदरणीय नागरिकहरू,

यो निर्वाचन नियमित निर्वाचन मात्र होइन । यो निर्वाचनले नियमित र गर्नै पर्ने काम गर्न सक्ने मान्छे त छान्न पर्छ नै, त्योभन्दा बढी आमनागरिकलाई मान्छे नगन्ने, सुशासन माग्दै उभिनेलाई गोली ठोक्ने र जेलमा कोच्ने, भ्रष्टाचार गरेर अकुत सम्पति थुपार्ने, सत्तामा जुका जस्तै टाँसिरहने, पार्टीभित्रै पनि जीहजुरी मात्र गर्नेलाई र देशलाई आफ्नै बिर्ता सम्झिएर सत्तामा हालिमुहाली गर्ने, भ्रष्टलाई जोगाउन खोज्नेहरूका विरुद्धमा उभिएर तिनलाई पाखा लगाउँदै नयाँ पुस्ता, नयाँ सोच र नयाँपन भित्र्याउनु पर्ने पनि छ ।
परिवर्तनको यो अभियानमा सँगै उभियौं । नागरिकको अधिकार दाबी गरौं ।

**पुनश्च : यहाँ लेख्न छुटेकै कारण उठाउनु पर्ने कुनै विषय उठाउन छुट्ने छैनन् । यहाँ लेखेभन्दा बढी काम गर्न हरप्रयास गर्नेछु ।**

गणेश कार्की
उम्मेदवार, मोरङ क्षेत्र नम्बर ३
राष्ट्रिय स्वतन्त्र पार्टी

राष्ट्रिय स्वतन्त्र पार्टी